**बैठक संख्या :**

आज मिति २०८०/०८०६ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती निर्णय देयाय निम्नानुसार छ ।

**उपस्थिति**

| क.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | लेखा अधिकृत | श्री अर्जुन गौतम |
| २ | | अधिकृत छैठौं | श्री भिमसेन पन्त |
| ३ | | सहायक पाँचौं | श्री आनन्द प्रसाद शर्मा |
| ४ | | ना.ल | श्री लक्ष्मी श्रेष्ठ |

Laxmi

**प्रस्तावहरु**

१. गत कार्यपालिकाको बैठकको निर्णय समिक्षा सम्वन्धमा ।

२. प्रवक्ता नियुक्ति सम्वन्धमा ।

३. सवारी साधन लिलाम सम्वन्धमा ।

४. हाल २ नं. वडा कार्यालय रहेको भवन तथा जग्गा लिजमा लिने सम्वन्धमा ।

५. वडा कार्यालयहरुबाट राजश्व असुलीको व्यवस्था गर्ने ।

६. योजनाको लागि बजेट थप सम्वन्धमा ।

७. प्रत्येक वडामा १५ लाख बरावरका योजना छनौट गर्ने सम्वन्धमा ।

८. बा.न.पा. वडा नं. १ मालढुंगा प्रवेशद्धारमा डिजिटल बोर्ड राख्ने सम्वन्धमा ।

९. समिति गठन सम्वन्धमा ।

१०. खर्च विवरणको चौमासीक प्रगति सम्वन्धमा ।

११. विविध सम्वन्धमा ।

**निर्णयहरु**

**निणर्य नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल बागलुङ नगरपालिका कार्यसम्पादन नियमावली २०७४ को नियम १७ (१) बमोजिम बागलुङ नगर कार्यपालिकाले सम्पादन गरेका काम तथा निर्णयहरु सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने प्रयोजनका लागि कार्यपालिका सदस्य एवं वडा नं. १४ का वडा अध्यक्ष श्री चक्र बहादुर खत्री लाई नगरपालिकाको प्रवत्ता तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिन्सी निरिक्षण प्रतिवेदन २०८० ले औंलाएका यस कार्यालयका पुराना लिलाम गर्नु पर्ने सामान तथा प्रतिवेदनमा उल्लेख हुन बाँकी २२४ नं. को पिकअप, माज्दा कार, एम्बुलेन्स, मोटरसाईकल आदी सवारी साधन सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्वन्धी नियमावली तथा कार्यविधि बमोजिमको प्रकृया पुरा गरेर लिलाम विक्री गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ को कार्यालय रहेको साविक जिल्ला विकास समितिको भवन हाल कालिका भगवती गुठी व्यवस्थापन समितिको नाममा रहेको हुँदा उक्त भवन तथा जग्गा बा.न.पा. वडा नं. २ को कार्यालय लगायत नगरपालिकाका अन्य शाखा समेत रहने गरी लिजमा लिनको लागि प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा हाल बागलुङ नगर कार्यपालिकाको कार्यालय, राजश्व शाखाबाट असुल गर्दै आएको सम्पत्तिकर, बहालकर, व्यवसाय कर लगायतका कर दस्तुर वडा कार्यालयहरुबाट समेत असुल गर्ने गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत योजना अन्तर्गत फिल्डमा गई ल.ई. तयार गर्दा बजेट अपुग हुने भै काम शुरु हुन नसकेका तपशिल बमोजिमका योजनाहरुमा देहाय बमोजिम रकम थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | थप रकम | बजेट शीर्षक |
|---|---|---|---|
| १ | दि राजन होटल देखी विद्युत गेट सडक स्तरोन्नती | १७,५०,०००।०० | |
| २ | रमेटार खानेपानी टंकी मर्मत | ५००,०००।०० | |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिकाका प्रत्येक वडामा १५ लाख बरावरका योजना छनौट गरी आगामी नगरसभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बागलुङ नगरका मुख्य धार्मिक तथा पर्यटकीय क्षेत्र र पहिचान झल्कने गरी बा.न.पा. वडा नं. १ मालढुंगा प्रवेशद्धार संगै डिजिटल बोर्ड राख्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा "नीजि जग्गाको ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८०" को दफा ६ को उपदफा ३ बमोजिम वातावरणीय परिक्षण प्रतिवेदनको आधारमा यस कार्यालयमा पेश भई आएको निवेदन उपर अध्ययन गरी प्रतिवेदन पेश गर्न तथा दफा ६ को उपदफा ६ बमोजिम जग्गा व्यवस्थापन कार्यको अनुगमन तथा निरीक्षण गर्नका लागि देहायका पदाधिकारीहरु रहेको समिति गठन गर्ने निर्णय गरियो ।

**(क) ६ को उपदफा ३ बमोजिम अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि गठीत समिति**

| | |
|---|---|
| श्री सनि के.सी (कार्यपालिका सदस्य तथा वडाध्यक्ष) | संयोजक |
| श्री सम्बन्धित वडाध्यक्ष | सदस्य |
| श्री सम्बन्धित वडाको प्राविधिक | सदस्य |
| श्री त्रिलोचन गिरी, पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| श्री दिपेन्द्र बहादुर भण्डारी, वातावरण शाखा प्रमुख | सदस्य सचिव |

**(ख) दफा ६ को उपदफा ६ बमोजिम अनुगमन गर्नको लागि**

| | |
|---|---|
| श्री बसन्त कुमार श्रेष्ठ, नगर प्रमुख | संयोजक |
| श्री राजु खड्का, नगर उप-प्रमुख | सदस्य |
| श्री हरिदत्त कँडेल, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री राजु थापा, वन, वातावरण तथा विपद समिति संयोजक | सदस्य |
| श्री काशीराम शर्मा, राजश्व शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व.को प्रथम चौमासीकमा भएको खर्चको प्रगति विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश भै सो सम्वन्धमा आवश्यक छलफल भयो । प्रथम चौमासीकमा पूँजीगत तर्फको खर्च अत्यन्त न्युन भएको हुँदा स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनमा तिव्रता दिई पूँजीगत खर्चको सीमा बढाउन निर्देशन दिने निर्णय गरियो ।